नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
## जुम्ला

☎ ०८७-५२००१२
☎ ०८७-५२०११२
📠 ०८७-५२०१८०
✉daojumla@gmail.com

**प.स.(०७८/७९) (प्रशासन)** **मिति: - २०७८/०७/२२**

**अत्यन्त जरूरी सूचना !!!**

कर्णाली प्रदेश सरकार आन्तरिक मामीला तथ कानून मन्त्रालय विपद् व्यवस्थापन शाखाको च.नं. २४० मिति २०७८/०७/११ को प्राप्त पत्रनुसार कोभिड-१९ बाट मृत्यु भएका मृतक परिवारलाई राहत वितरण सम्बन्धि कार्या विधि, २०७८ अनुसार कोरोनाका कारण मृत्यु भएका मृतककापरिवारलाई मन्त्रालयले प्रति मृतक रू १००००० (एक लाख) का दरले राहत उपलब्ध गराउदै आएकोमा कर्णाली प्रदेश विपद् व्यवस्थापन परिषदको मिति २०७८/०७/०५ गते बसेको बैठकबाट यस पश्चात राहत रकम सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट वितरण गर्ने व्यवस्था भएको अनुसार संलग्न कार्यविधि, २०७८ को अनुसूची २ तपसिल बमोजिमका आवश्यक कागजात संलग्न राखी अनुसूची ४ को निवेदन यस कार्यालयमा १हप्ता भित्र पेश गर्न हुन जानकारी गरिन्छ। निवेदनको ढाँचा तथा कार्यविधि Web site मा राखिएको छ।

तपसिल

१. नेपाल सरकारले मान्यता दिएको ल्यावले प्रमाणित गरेको कोभिड-१९ संक्रमित भएको रिपोर्ट।
२. कोभिड-१९ को संक्रमित भई होम आइसोलेशन कै क्रममा मृत्यु भएको हकमा स्वाव संकलन भएको मितिले ३ महिना भित्र मृत्यु भएको भए निजको मृत्यु विपद्जन्य अन्य घटना वा हत्या वा आत्मा हत्या वा अन्य रोगको कारणले मृत्यु भएको नदेखिएकोले मृतककापरिवारले कार्यविधि बमोजिमको राहत रकम पाउनु पर्ने भनी स्थानीय तहले गरेको सिफारिस।
३. स्थानीय तहले मृतकको हकवालाहो भनी प्रमाणित गरेको नाता प्रमाणित।
४. मृत्युदर्ताको प्रमाण पत्र।
५. सम्बन्धित स्थानीय तहको सिफारिस।
६. राहत रकम दावी कर्ताको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
७. राहत रकम हकवालाको खाता नं. स्पष्ट देखिने बैक खाता नं. को प्रतिलिपि।
८. राहत दावी कर्ताको निवेदन।